# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, आश्विन १० गते २०३० साल [ अतिरिक्ताङ्क ४०

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

जनक शिक्षा सामग्री केन्द्र विकास समिति (गठन) आदेश, २०३०

विकास समिति ऐन, २०१३ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "जनक शिक्षा सामग्री केन्द्र विकास समिति (गठन) आदेश, २०३०" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः– (१) जनक शिक्षा सामग्री केन्द्र विकास समिति (यसपछि "समिति" भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्य-हरू रहनेछन्–

(क) श्री शिक्षा सचिव——— अध्यक्ष

(ख) श्री डा. मोहम्मद मोहसिन——— सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) श्री शिक्षा सह-सचिव, योजना शाखा------------------------ सदस्य
(घ) श्री चूडानाथ भट्टराई, सदस्य-राजकीय प्रज्ञा प्रतिष्ठान--------- सदस्य
(ङ) श्री शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय-------------------- सदस्य
(च) श्री सूर्यविक्रम ज्ञवाली--------------------------------- सदस्य
(छ) श्री शिक्षा सह-सचिव, प्राविधिक शाखा-------------------- सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको अध्यक्ष र सदस्य-सचिव लगायत अन्य दुई सदस्यहरूको उपस्थिति भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा उपस्थित सदस्यमध्ये बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(६) आफ्नो योजना र कार्यक्रमहरूको कुशल संचालनको निमित्त समितिले कुनै विशेषज्ञ वा विदेशी सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । त्यस्तो आमन्त्रित विशेषज्ञ वा सल्लाहकारले छलफलमा भाग लिन सक्नेछ । तर मतदान गर्न पाउने छैन ।

३. समितिको काम, कर्तव्य र अधिकार:- (१) राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुकूल शिक्षा सामग्री निर्माण, विकास, बिक्री-वितरणसम्बन्धी कार्यक्रम संचालन गर्नु समितिको मुख्य कर्तव्य हुनेछ ।

(२) उप दफा (१) बमोजिम कर्तव्य पालनको लागि समितिले निम्नलिखित कामहरू समेत गर्न सक्नेछ ।

(क) प्राथमिक, माध्यमिक र निम्नमाध्यमिक तहको निर्धारित पाठ्यक्रम अनुरूपको पाठ्यपुस्तक, शिक्षा निर्देशन पुस्तिका लगायत अन्य शिक्षा सामग्रीको निर्माण विकास, मुद्रण र बिक्री-वितरण ।

(ख) रेडियोद्वारा विद्यालयस्तरीय शिक्षा प्रसारको व्यवस्था र आवश्यक कार्यक्रमको संचालन ।

(ग) राष्ट्रिय शिक्षा पद्धतिको योजनासम्बन्धी प्रचार सामग्री, प्रौढ शिक्षासम्बन्धी सामग्री र अन्य कुनै सामग्री श्री ५ को सरकारले मुद्रण गराउन चाहेमा त्यसको मोल लिई मुद्रण ।

(घ) योजना संचालन गर्न आवश्यक सामग्री बजार खरीद गर्ने वा विदेशबाट झिकाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) समितिको कार्यक्रम पूरा गर्न आवश्यक दरबन्दी ठेक्ने, सो दरबन्दीमा कर्मचारी नियुक्ति, बढुवा लगायत अन्य सेवा शर्त तोक्ने, श्री ५ को सरकारबाट काजमा उपलब्ध भएका स्थायी कर्मचारीहरूको काम कर्तव्य व्यवस्थित गर्ने र समितिमा काम गर्ने समितिका कर्मचारीहरूलाई संचयकोष सुविधा प्रदान गर्न कर्मचारी संचयकोषसंग सम्झौता गर्ने । तर दैनिक ज्यालामा भर्ना गरिने ज्यालादारी कामदार र उचित पारिश्रमिक दिई आंशिक समय काम गर्ने कामदारलाई भर्ना गर्दा अन्य विकास समितिले अपनाइआएको सिद्धान्त अपनाउनु पर्नेछ ।

(च) योजना कार्यान्वयनका लागि अन्य आवश्यक कार्य गर्ने ।

४. समितिको कोष र आर्थिक कारोवारः– (१) समितिको संचालनको लागि एउटा कोष हुनेछ जस्मा देहायबमोजिमका रकमहरू रहनेछन् ।

(क) श्री ५ को सरकारबाट अनुदानको रूपमा प्राप्त रकमहरू,

(ख) पाठ्यपुस्तक–पुस्तिका वा अन्य शिक्षा सामग्री बिक्री–वितरण गरी प्राप्त रकमहरू,

(ग) सहायता स्वरूप समितिलाई प्राप्त रकमहरू,

(घ) अन्य स्रोतबाट प्राप्त रकमहरू ।

(२) समितिको कार्यक्रमको निमित्त आवश्यक भएमा समितिले चल वा अचल सम्पत्तिको लेनदेन गर्न सक्नेछ ।

तर एकलाखभन्दा बढी मोल पर्ने कुनै सम्पत्ति वा सामान अरूलाई बेचबिखन र हस्तान्तरण गर्नुभन्दा पूर्व श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिमको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

५. समितिको हिसाब किताबः– समितिको हिसाब किताब श्री ५ को सरकारद्वारा स्वीकृत स्रेस्ता प्रणाली अनुसार राखिनेछ ।

६. लेखापरीक्षणः– (१) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न जँचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सकिनेः– समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप–समितिलाई प्रत्यायोजना गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. समितिको ठेक्का–पट्टा:– (१) समितिको सचिवले समितिको निर्देशानुसार समितिको तर्फबाट समितिको ठेक्का–पट्टासम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएको ठेक्का–पट्टा समितिले गरेको मानिनेछ ।

(२) यो गठन आदेश प्रारम्भ हुनुभन्दा अघि जनक शिक्षा सामग्री केन्द्रसंग गरेको ठेक्का–पट्टा तथा सम्झौताहरू समितिसंग भए गरेको मानिनेछ ।

९. समितिको आदेश र निर्णय प्रमाणित गर्नेः– सचिवले समितिको दैनिक कार्य संचालनस्तरको सबै कार्य गर्नेछ र समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ ।

१०. सम्पत्तिको हस्तान्तरण:– जनक शिक्षा सामग्री केन्द्र अधीनस्थ सबै चल–अचल सम्पत्ति यस समितिलाई हस्तान्तरण गरिएको छ ।

११. नियमहरू बनाउन सक्नेः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएका नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

१२. समितिको प्रधान कार्यालय:– समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

१३. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा मन्त्रालय प्राविधिक शाखा मार्फत राख्नु पर्नेछ ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।